# विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१

प्रस्तावनाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न सिम्ता गाउँकार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद- १

## परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम सिम्ता गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि सिम्ता गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन , २०७४ सम्झनु पर्छ ।
(ख) कार्यविविधि भन्नाले सिम्ता गाउँपालिका क्षेत्रभि त्रका विद्यालयको लेखापरीक्षण कार्यविधि, २०८१ सम्झनु पर्छ ।
(ग) गाउँपालिका भन्नाले सिम्ता गाउँपालिका सम्झनु पर्छ ।
(घ) अध्यक्ष भन्नाले सिम्ता गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।
(ङ) उपाध्यक्ष भन्नाले सिम्ता गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।
(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सिम्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।
(छ) शिक्षा शाखा भन्नाले सिम्ता गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।
(ज) शिक्षा शाखा प्रमुख भन्नाले सिम्ता गाउँपालिका अन्तर्गतको शिक्षा शाखा प्रमुख वा सो को कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।
(झ) लेखापरीक्षण भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षण कार्यलाई सम्झनु पर्छ ।
(ञ) लेखा परीक्षक भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भइ प्रमाणपत्र प्राप्त व्यक्ति/ संस्था / कम्पनी वा फर्मलाई जनाउँछ ।

## परिच्छेद- २

## लेखापरीक्षकको छनौट सम्बन्धी व्यवस्था

३ गाउँपालिकाले चालु आर्थिक वर्षको प्रथम चौमासिकभित्रमा सिम्ता गाउँपालिका अन्तर्गत संचालित सामुदायिक तथा संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुको गत आ.व. को लेखापरीक्षण गर्नाको लागि इच्छुक दर्तावाला लेखापरीक्षकहरुबाट लेखापरीक्षण गर्न आशयको निवेदन दिनका लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नेछ ।

**४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

क. लेखापरीक्षकको फर्म वा कम्पनी दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
ख. भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि।
ग. आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
ङ. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृती पत्रको प्रतिलिपि ।
च. कालो सूचिमा नपरेको स्यवम् घोषणको पत्र।
छ. गाउँपालिकाले तोके बमोजिम दरखास्त दस्तुर बुझाएको भौचर।

५. गाउँपालिकाले प्राप्त निवेदन जाँचबुझ गरी योग्य ठहरिएका लेखापरीक्षकको सूचि गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## लेखापरीक्षक छनौट समिति

**६.लेखापरीक्षक छनौट समिति देहायबमोजिम हुनेछः**

प्रमुख प्रशासकीय अधिकृत – संयोजक
आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
आन्तरिक लेखा परीक्षक– सदस्य
शिक्षा शाखा प्रमुख – सदस्य सचिव

७.कार्यविधिको दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) आर्थिक वर्ष सुरु भएको एक महिनाभित्रमा गाउँपालिकाले निवेदन/आशयपत्र मागको लागि गाउँपालिकाको वेवसाइट मार्फत सूचना प्रकाशन गर्ने,
(ख) प्राप्त निवेदन/आशयपत्र जाँचबुझ गरी योग्य ठहरिएका लेखापरीक्षकको सूचि गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्ने,
(ग) लेखापरीक्षकहरुको विवरण तयार गर्ने,
(घ) लेखापरीक्षकले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु तयार गर्ने,
(ङ) दफा (६) बमोजिम गठित समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात शिक्षा शाखा प्रमुखले लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखा परीक्षक र विद्यालयलाई जानकारी गराउने,
(च) लेखापरीक्षकको नियुक्ति गर्दा गत आ.व.मा समेत लेखापरीक्षण गरेका लेखापरीक्षकहरु भएमा निजहरुले विगतमा प्रतिवेदन बुझाए/नबुझाएको, तोकिएको शर्त बन्देज र मापदण्ड पालना गरे नगरेको, तोकएकै समयमा कार्य सम्पन्न गरे/ नगरेको नियमित अनुगमण गर्ने,
(छ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,
(ज) विद्यालयहरुको एक आर्थिक वर्षमा कम्तिमा एक पटक स्थलगत अध्ययन गरी लेखा व्यवस्थापन एवम् लेखापरीक्षण सम्बन्धमा अनुगमण निरीक्षण गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने,
(झ) सामुदायिक विद्यालयको लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण तथा फछ्यौट गर्न गराउन सहजीकरण एवम् निर्देशन दिने,
(ञ) गाउँपालिकाले तोके बमोजिम लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने ।

८. लेखापरीक्षकको काम, कर्तव्य र अधिकारः लेखापरीक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. गाउँपालिकाबाट नियुक्ति बुझी प्रचलित कानुन बमोजिम विद्यालयको लेखापरीक्षण कार्य गर्ने,

ख. संघ ,प्रदेश र स्थानीय तह तथा अन्य निकायबाट प्राप्त विभिन्न अनुदान तोकिएको मापदण्ड बमोजिम खर्च भए नभएको औल्याइ सो कुरा प्रतिवेदनमा उल्लेख गर्ने,

ग. विद्यालय व्यवस्थापन समितिले शिक्षक/ कर्मचारीको तलबभत्ता तथा विद्यालयको आम्दानी खर्च सम्बन्धमा गरेका निर्णय प्रचलित कानुन बमोजिम भए नभएको कुरा लेखापरीक्षण गर्ने,

घ. विद्यालयमा देखिने वेरुजु समपरीक्षण तथा वेरुजु फछ्यौटमा सहजीकरण गर्ने

ङ. तोकिएको समयमा लेखापरीक्षण कार्य सम्पन्न गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने

च. लेखापरीक्षणको क्रममा गाउँपालिका सँग आवश्यक समन्वय गर्ने ।

छ. विद्यालयको लेखापरीक्षण कार्य विद्यालय व्यवस्थापन समिति, अभिभावकसंघ र शिक्षक स्टाफमध्येबाट एक/ एक जनाको प्रतिनिधित्व हुने गरी संयुक्त रोहबरमा गर्ने ।

## परिच्छेद- ४
## लेखापरीक्षकको पारिश्रमिक

९. लेखापरीक्षण पारिश्रमिकः (१) लेखापरीक्षण पारिश्रमिक गाउँ शिक्षा समितिले तोकेबमोजिम विद्यालय स्रोतबाट विद्यालयले नै भुक्तानी दिनुपर्नेछ । गाउँ शिक्षा समितिले नतोकी दिएको अवस्थामा सम्बन्धित विद्यालयबाट देहाय बमोजिमको पारिश्रमिक दिनुपर्नेछ ।

(क) आधारभूत तह कक्षा १-५ संचालित विद्यालयहरुको हकमा एक आ.व.को रु ५००० ।

(ख) आधारभूत तह कक्षा १-८ संचालित विद्यालयको हकमा एक आ.व.को रु २०००००० ( बीस लाख) सम्मको रु ५००० । र त्यसपछिको रकममा सयकडा २५ पैसा ।

(ग) माध्यमिक विद्यालयको हकमा जतिसुकै रकम भए तापनि कारोबार रकमको सयकडा २५ पैसाका दरले ।

(घ) सामुदायिक सिकाइ केन्द्रको हकमा जतिसुकै रकम भए तापनि कारोबार रकमको सयकडा २५ पैसाका दरले ।

(ङ) उक्त पारिश्रमिक रकममा आयकर नियम अनुसार कट्टी गरी विद्यालयले भुक्तानी गर्नुपर्नेछ ।

(च) संस्थागत विद्यालयको हकमा विद्यालय र लेखापरीक्षकको आपसी समझदारीमा पारिश्रमिक तय गरिनेछ ।

(छ) विद्यालयहरुले गाउँपालिकाले तोकेको रकम भन्दा बढी पारिश्रमिक दिन पाउने छैन ।

(२) माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयमा लेखापरीक्षकबाट दाबी गर्न पाइने छैन । लेखापरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । उक्त लेखापरीक्षकको नियुक्ति रद्द गरिनेछ ।

## परिच्छेद – ५
## आन्तरिक लेखापरीक्षक

१०. प्रत्येक वर्षमा सिम्ता गाउँपालिकाका सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीकबाट हुनेछ । सामान्यतया चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

११. आन्तरिक लेखापरीक्षण वापतको पारिश्रमिक लिन र दिन पाइने छैन ।

## परिच्छेद- ६
## लेखापरीक्षण प्रतिवेदन उपर कारबाही

१२. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनी विद्यालयका सरोकारवालाहरुले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ ।उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझाबको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

## परिच्छेद- ७
## वेरुजु र सम्परीक्षण

१३. आन्तिक र अन्तिम लेखापरीक्षणबाट कायम भएका वेरुजुको प्रमाण पेश वा नियमित गरी/ गराई वा असुल गरी/गराइ वेरुजु फछ्यौट गर्ने दायित्व अधिकार सम्बन्धित विद्यालयको हुनेछ ।

१४. वेरुजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकाश भइ कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेको वेरुजु लगत तथा कारोबार सम्बन्धि कार्बाहीको सम्पूर्ण विवरण खोजी बहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ । जिम्मेवार प्राप्त अधिकारीले उपयुक्त बमोजिम बुझिलिइ वेरुजु फछ्यौट गर्नु गराउनु पर्नेछ

## परिच्छेद-८
## विविध

१५.एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटकभन्दा बढी नियुक्त गर्न पाइने छैन ।

१६. गाउँपालिकाले खटाएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालय र सामुदायिक सिकाइ केन्द्रको कर्तव्य हुनेछ ।

१७. गाउँपालिकाबाट खटाएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालय र सामुदायिक सिकाइ केन्द्रको निकासा गाउँपालिकाले रोक्का गर्ने सक्नेछ ।

१८. लेखापरीक्षकले नियुक्ति बुझेको सात दिनभित्रमा तोकिएको विद्यालयमा पुगि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रोहबरमा विद्यालयको लेखापरीक्षण गर्नुपर्नेछ ।विद्यालयमा पुगि लेखापरीक्षण गर्न सम्भव नभएमा विद्यालयको परामर्शमा गाउँपालिकाले तोकेको स्थानमा पुगी लेखापरीक्षण गर्नुपर्नेछ । गाउँपालिका क्षेत्र भन्दा बाहिर गई लेखापरीक्षण गरे/ गराएको पाइएमा त्यस्तो लेखापरीक्षणलाई मान्यता दिइनेछैन ।

१९.लेखापरीक्षकले तोकेको अवधिमा नियुक्ति नबुझेमा वा बुझेर पनि विद्यालयको लेखापरीक्षण तोकेको समयमा सम्पन्न नगरेमा त्यस्तो लेखापरीक्षकको नियुक्ति रद्द गरिनेछ सोको सट्टामा अर्को लेखापरीक्षक खटाइनेछ ।

२०. विद्यालयको लेखापरीक्षण गरी गाउँपालिकामा १ प्रति प्रतिवेदन लेखापरीक्षक स्वयमले बुझाउनु पर्नेछ । विद्यालय र गाउँपालिकामा प्रतिवेदन प्राप्त भए पश्चात गाउँपालिकाको सिफारिसमा विद्यालयले लेखापरीक्षण पारिश्रमिक भुक्तानी गर्नुपर्नेछ ।लेखापरीक्षण गरी प्रतिवेदन नबुझाउने लेखापरीक्षकलाई गाउँपालिकाले कालोसूचीमा राख्ने छ ।

२१.थपघट, व्याख्या वा हेरफेरः (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अबरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक्तानुसार व्याख्या थपघट वा संशोधन गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषय अन्य प्रचलित कानुनमा भएको व्यवस्था वमोजिम हुनेछ ।

**आज्ञाले**

**राजेन्द्र कुमार चन्द**
**प्रमुख प्रशासकीय अधिकृत**

## <u>लेखा परीक्षक नियुक्ति पत्रको ढाँचा</u>

श्री (....लेखापरीक्षण फर्मको नाम), मितिः ..............
...............................................
......................................(ठेगाना)

**विषयः - लेखापरीक्षकमा नियुक्ति गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा यस .......................विद्यालय वा ...... सामुदायिक सिकाइ केन्द्रको आ.व. २०......... को बाह्य लेखापरीक्षणको लागि यहाँलाई लेखापरीक्षकको रुपमा नियुक्त गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउदछौं । यस लेखापरीक्षणको शुल्क वापत रु..................... (अक्षरेपी रु. .............मात्र) मू.अ.कर बाहेक उपलब्ध गराउने निर्णय गरिए बमोजिम आ.व. २०... । ... को ऐन नियमले निर्दिष्ट गरे अनुसार लेखापरीक्षण कार्य शुरु गर्न विनम्र अनुरोध गर्दछौं ।

..............................................................................
नियुक्ति को जानकारी गराउँने अधिकारी

बोधार्थः

१. श्री ............. विद्यालय सिम्ता......... सुर्खेत ।

२. आर्थिक प्रशासन शाखा सिम्ता गाउँपालिका, सुर्खेत ।